फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**खानीगाउँ, पर्वत**

गण्डकी प्रदेश,

प.सं.: ०७६/७७

च.नं. :

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक सुचना प्रकाशित मिति : २०७६/०९/२५

नेपाल सरकारद्धारा जारी गरिएको "चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्वन्धि कार्यविधि , २०७६" तथा "फलेवास नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्वन्धि कार्यविधि , २०७५" वमोजिम तपशिलमा उल्लेखित सेवाको लागि देहायको संख्या र योग्यता भएका स्वास्थ्यकर्मी तथा कृषि प्राविधिक करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ एक्काईस दिन भित्र राजस्व तिरेको रसिद सहित उमेदवार स्वयं आफैं उपस्थित भई यसै नगर कार्यपालिकाको कार्यालयमा दरखास्त दिनुहुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम लगायतको विस्तृत विवरण यस कार्यालयबाट वा वेवसाइट :www.phalewasmun.gov.np बाट उपलब्ध हुनेछ ।

**तपसिल**

| विज्ञापन नं. | पद नाम | समुह | तहाश्रेणी | माग संख्या | फारम दस्तुर |
|---|---|---|---|---|---|
| ०१।०७६।०७७ | हे.अ. | हे.ई. | सहायक पाँचौ | ५ | ६००।– |
| ०२।०७६।०७७ | अ.हे.व. | हे.ई. | सहायक चौंथो | ७ | ६००।– |
| ०३।०७६।०७७ | अ.न.मी. | प.हे.न. | सहायक चौंथो | २ | ६००।– |
| ०४।०७६।०७७ | अधिकृत | कृषि | छैटौं | १ | १०००।– |
| ०५।०७६।०७७ | ना.प्रा.स. | कृषि | सहायक चौंथो | २ | ६००।– |

**१.१ पेश गर्नुपर्ने कागजातहरु :** नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्र, अनुभव तथा तालिमका प्रमाणपत्र, स्वास्थ्य सेवाको हकमा सम्वन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रहरुका प्रतिलिपी पेश गरी सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

**१.२.न्यूनतम योग्यता :** हे.अ.को लागी मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट कोर्ष पूरा गरेको ,अ.हे.व. को लागी मान्यता प्राप्त शैक्षिक संस्थावाट अ.हे.व. वा सि.एम.ए.कोर्ष पूरा गरेको र अ.न.मी. को लागी मान्यता प्राप्त शैक्षिक संस्थावाट अ.न.मी. कोर्ष पूरा गरेको ।

कृषि अधिकृत छैटौंको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा बि एस्सी एजि वा सो सरह उत्तीर्ण गरेको र ना.प्रा.स. का लागि मान्यता प्राप्त शैक्षिक संस्थावाट कम्तीमा १५ महिने कृषि जे.टि.ए वा सो सरह पास गरेको ।

**१.३. उमेर :** अधिकृत छैटौं तहको लागि २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको (महिला तथा अपांगको लागि ४० वर्ष ननाघेको) ,सहायक चौथो र सहायक पांचौ तहको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिला तथा अपांगको लागि ४० वर्ष ननाघेको)

१.४ प्रचलित कानूनद्धारा अयोग्य नभएको ।

१.५ तोकिएको अवधि भित्र तथा रित पूर्वक प्राप्त हुन नआएका आवेदनलाई मान्यता दिईने छैन ।

१.६ दरखास्त बुझउने अन्तिम मितिमा सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन दरखास्त बुझाउन सकिने छ ।

**२. सेवा सुविधा :** नगर कार्यपालिकाको निर्णय अनुसार ।

**३ .परिक्षाको किसिम :** परिक्षाको किसिम र मिति सर्म्पक मितिमा तोकिने छ ।

**४. सम्पर्क मिति :** २०७६।१०।१८

**५. सम्पर्क नम्वरहरु :** ९८५१०७०७१९ प्रमूख प्रशासकीय अधिकृत

९८४७६३६०४० प्रशासन

पदपूर्ति समिति

"कृषि पर्यटन, पूर्वाधार र रोजगार : सुन्दर फलेवास सम्वृद्धिको आधार"